मधेश प्रदेश सरकार

# गृह, सञ्चार तथा कानुन मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

फोन नं. ०४१-५९०८४१
Email:-intlawpradesh2@gmail.com

प.सं. :२०८२/०८३
च.नं. :

# सार्वजनिक सूचना !

**विषयः हराएका/चोरी भएका जिन्सी सामान फिर्ता गर्ने सम्बन्धमा ।**

मिति २०८२/०५/२४ गते GEN-Z को आन्दोलनको क्रममा मधेश भवन परिसरभित्र रहेका विभिन्न मन्त्रालय/निकाय/कार्यालय/सचिवालय/निवासबाट कम्प्युटर सेट, ल्यापटप, मोवाइल, फोटोकपि मेसिन, ईन्भर्टर लगायतका सामानहरु लुटपाट एवं चोरी भएका छन् । उक्त तोडफोड, आगजानी र चोरी एवं लुटपाटमा संलग्न व्यक्तिहरुको सिसिटिभि फुटेज मार्फत पहिचान भईसकेको हुँदा कोही कसैले यस भवन परिसरबाट यस्ता सामग्री लिएको वा प्राप्त गर्नु भएको भए सम्बन्धित मन्त्रालय/निकाय/ कार्यालय/ संचिवालय/निवास वा नजिकको प्रहरी कार्यालयमा ७ (सात) दिन भित्र आई सामान बुझाई दिनुहुन अनुरोध छ। अन्यथा कानुन बमोजिम कारबाहीको प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८२ साल भदौ ३१ गते, मंगलवार ।

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानुन मन्त्रालय
जनकपुरधाम, धनुषा